# लिम्चुङबुङ गाउँपालिकाको नीति तथा कार्यक्रम

२०८१

पर्यटनको नयाँ गन्तव्य

## लिम्चुङबुङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बाराहा, उदयपुर नेपाल

लिम्चुङबुङ गाउँपालिकाको उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँ सभाका
सदस्यहरु, लिम्चुङबुङ गाउँपालिकाको दोस्रो सभाको पन्ध्रौं अधिवेशनमा हार्दिक
स्वागत गर्दछु ।
लिम्चुङबुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम यस
गरिमामय गाउँ सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ
। सम्वत् २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट
हामीलाई मतदान मार्फत निर्वाचित गर्नु हुने आदरणीय महान लिम्चुङबुङ गाउँवासी
आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु ।
यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्वशासनको
लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरु, १० वर्षे जनयुद्धमा सहादत प्राप्त
गर्नु हुने महान सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।
लिम्चुङबुङको विकास, सुधार र समृद्धिका लागि नेपालको संविधान तथा संघीय, प्रदेश
र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित
काम, कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं । लिम्चुङबुङको मान, सान,
संस्कृति, सम्पदा र सभ्यताको संरक्षण, सम्बर्धन र प्रबर्धन गर्नु हाम्रो पहिलो कर्तब्य
हुन आएको छ । संस्कृति र प्रकृतिमा आधारित पर्यटन लिम्चुङबुङको सम्भावनाको
पहिलो क्षेत्र हो । यसको लागि Green Limchungbung, Clean Limchungbung को
अवधारणालाई अभीयानको रुपमा टोल विकास सहकार्य संस्थाहरु तथा पालिका
भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुसंग हातेमालो गर्दै सामुहिक अभियान अगाडी
बढाईनेछ । सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित
गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ ।

आन्तरिक सुशासन र सबल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति
तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम
त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा
कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति

अवलम्बन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम लिम्चुङबुङवासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

अब म लिम्चुङबुङ गाउँपालिकाको आर्थिक बर्ष २०८१/८२ को नीति र कार्यक्रम यस गाउँ सभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

प्रदेश नं. १ लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाराहा, उदयपुर, नेपाल

लिम्चुङबुङको दिर्घकालीन सोचः एकै पुस्तामा लिम्चुङबुङलाई समृद्ध बनाउने" रहेको छ । यस सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अबलम्बन गरिनेछनः

१. मुर्कुची-पुवाँरे-डिल्लीबर-माझखर्क-लिम्चुङबुङ-हलेसी सगरमाथा जोड्ने पर्यटन पक्की सडक र सुनकोशी नदिमा पक्की पुल निर्माणको लागि छिमेकी स्थानीय तहहरु सँग समन्वय र सहकार्य गरी संघीय तथा प्रदेश सरकार संग निरन्तर पहल गरि Hill Side पर्यटनको विकास गर्ने ।
२. घुर्मि-कुमालटार-लिम्चुङबुङ-बतासे-फोक्सिनटार-चतरा (कोशी कोरिडोर) निर्माणको लागि छिमेकी स्थानीय तहहरु सँग समन्वय र सहकार्य गरी संघीय तथा प्रदेश सरकारसंग निरन्तर पहल गरी कोशी पर्यटनको विकास गर्ने ।
३. गाउँ-गाउँमा होमस्टे स्थापना गरि घर घरमा रोजगारिको सिर्जना गर्ने ।
४. लिम्चुङबुङ गाउँपालिकालाई पर्यटनको नयाँ गन्तव्यको रुपमा निरन्तर प्रचार प्रसार तथा प्रवर्द्धन गर्ने ।
५. प्रत्येक वडा कार्यालय देखि पालिकाको केन्द्र सम्म वाह्रै मास आवत जावत गर्न सक्ने मुख्य सडकको निर्माण गर्ने ।
६. पालिकाको वडा नं ५- वडा नं ४- वडा नं २- वडा नं १ जोड्ने अध्यक्ष कृषि सडक निर्माण गर्ने ।
७. विमा सहितको २४ घण्टे सर्वसुलभ स्वास्थ्य सेवाको व्यवस्था गर्ने ।
८. गुणस्तरीय शिक्षा सुनिश्चितताको लागि डिजिटल पूर्वाधारको व्यवस्था सहित जग देखि सुधार गर्ने ।
९. कृषि र पर्यटन क्षेत्रलाई एकैसाथ अघाडी बढाई वृहत आन्तरिक रोजगारी सिर्जना गर्ने ।

# भौतिक पूर्वाधार विकास नीति

"पूर्वाधार सहितको शिक्षा र स्वास्थ्य,
समृद्ध लिम्चुङबुङ, हाम्रो लक्ष्य"

लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाराहा, उदयपुर, नेपाल

१. निर्मित पुर्वाधारहरुको नियमित मर्मत सम्भार, संचालन, संरक्षण एवं सम्वर्धन गरिनेछ साथै निर्माणाधीन वडा नं ५ जाँतेको स्वास्थ्यचौकी भवन, वडा नं ३ बाराहाको वडा कार्यालय भवन, वडा नं १ बाँसबोटेको मा.वि. बुत्कु भवन र गाउँपालिकाको गौरवका सम्पुर्ण योजनाहरु आगामी आ.व.मा सम्पन्न गर्ने तथा निर्माण कार्य सम्पन्न भई सकेको वडा कार्यालयहरु, स्वास्थ्यचौकीहरु र विद्यालयहरुलाई सञ्चालनमा ल्याउने नीति अवलम्बन गरिनेछ ।

## सडक तथा यातायात तर्फ

१. पालिका भित्र निर्माण भइसकेको सडकहरु संरक्षण, सम्बर्धन गर्दै निर्माण गर्न बाँकि रहेको ट्र्याकहरु खोलिनेछ साथै वडा कार्यालय देखि गाउँपालिकाको केन्द्र सम्म बाह्रै मास सञ्चालन हुन सक्ने खालको सडक निर्माणको लागि संघीय सरकार र प्रदेश सरकारसंग योजना र बजेट मागको लागि निरन्तर पहल गर्ने नीति अवलम्बन गरिनेछ ।

२. पालिकाको वडा नं ५-वडा नं ४- वडा नं २- वडा नं १ जोड्ने अध्यक्ष कृषि सडक निर्माण गर्ने नीति लिईनेछ ।

## खानेपानी

१. स्थानीय स्तरमा रहेको पानीका मुहानहरुको संरक्षण, संवर्धन र प्रयोग गर्न तथा टोल बस्तीका पानीका परम्परागत मुहानहरुलाई स्वच्छ र सफा राख्न प्रत्येक वडा समितिको अगुवाइमा टोल विकास संस्था, सामुदायिक संघ संस्था तथा स्थानीय समुदाय परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

२. सञ्चालनमा रहेका खानेपानी योजनाहरुको दिगो संचालन, मर्मत सम्भार, क्षमता अभिवृद्धि तथा पुनः निर्माण जस्ता कार्य उपभोक्ताहरुको समेत लगानी तथा सहभागितामा सञ्चालन गरी गराई आधारभूत खानेपानी सेवाको सुनिश्चितता गर्न र खानेपानी सेवा नपुगेको टोल, बस्तीमा खानेपानी सेवा पुर्याउनको लागि सुनकोशी लिफ्टिङ खानेपानी आयोजनाको कामलाई समय सिमा भित्र सम्पन्न गरि हरेक पालिकाबासीहरुलाई एक घर, एक धारा शुद्ध पिउने पानी उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

३. खानेपानी मुहानको २०० मिटर वरपर कुनैपनि किसिमको रुख, बिरुवा काट्न, हटाउन नपाउने गरि टोल विकास सहकार्य संस्थाको सकृयतामा समुदायलाई कडाईका साथ पालना गराउने नीति अवलम्बन गरिनेछ ।

४. सडक लगायत भौतिक पुर्वाधारहरुको निर्माण गर्दा गराउँदा पानीको मूल र श्रोतलाई हुन सक्ने हानी क्षति लाई न्युनीकरण गर्ने नीति अवलम्बन गरिने छ ।

## विद्युत तथा वैकल्पिक उर्जा

१. मिति २०८१/३/५ गते उज्यालो लिम्चुङबुङ घोषणा भैसकेको छ र पालिका भित्र वस्ती विस्तार भएको खण्डमा नेपाल सरकार, प्रदेश सरकारसंग बजेट माग गरी विद्युत प्राधिकरणसंग समन्वय गरी उक्त वस्तीमा विद्युत विस्तार गरिने साथै वैकल्पिक उर्जालाई पर्यटकीय क्षेत्र, बजार क्षेत्रमा सौर्य सडक बत्ती जडान गर्ने नीति अवलम्बन गरिने छ ।

## भवन तथा सहरी विकास

१. लिम्चुङबुङ गाउँपालिकाको बजार क्षेत्रहरुलाई व्यवस्थित शहरी विकासका लागि शहरी तथा एकीकृत बस्ती विकास योजना निर्माण गर्न संघीय सरकार र प्रदेश सरकारसंग समन्वय गर्ने नीति लिईनेछ ।

२. गाउँपालिका क्षेत्रभित्र निजी, सामुदायिक, सार्वजनिक लगायतका सबै किसिमका भवन निर्माणका लागि भवन निर्माण मापदण्डलाई पुर्ण पालना गरी भुकम्प प्रतिरोधक भवन निर्माण गर्ने गराउने नीति कडाईका साथ पालना गराइने छ ।

## सुचना तथा सञ्चार

१. लिम्चुङबुङ गाउँपालिका क्षेत्रभित्र मोवाईल सेवा सकृय नभएका ठाउँहरुको पहिचान गरि नेटवर्क सुधार तथा नयाँ टावर स्थापना गर्न सम्बन्धित निकायसंग पहल गरिने छ ।

२. लिम्चुङबुङ गाउँपालिकाको आधिकारीक वेबसाईट मार्फत सुचना तथा समाचार निरन्तर सम्प्रेषण गरिनेछ ।

३. जवाफदेहिता तथा पारदर्शितालाई संस्थागत गर्न गाउँपालिकाबाट भएका कामकार्वाहीलाई वेबसाइट तथा एफ. एम., फेसबुक, टेलिभिजन, पत्र-पत्रिका, युट्युव र अनलाईन खबरको माध्यम बाट सर्वसाधारण जनता समक्ष पुऱ्याइने छ ।

४. Good Governance को प्रमुख अंग विद्युतीय शासन (E-governance) लाई व्यवहारमा नै प्रयोग गरिने संयन्त्रहरुको व्यवस्थापन गरिने छ ।

## कृषि तथा पशुपन्क्षी विकास सम्बन्धी नीति

"कृषि र पशु पालनको आधार, गाउँपालिकाको समृद्धिको सपना साकार"

१. प्रत्येक वडा कार्यालयमा कृषि पशु सम्बन्धि परामर्श, रोग नियन्त्रण र उपचारको लागि कृषि र पशु प्राविधिक को व्यवस्था गरी एक वडा, एक कृषि तथा पशु सेवा केन्द्रको नीतिलाई निरन्तरता दिइनेछ ।

२. पशुपन्छी पालनमा व्यवसायीकरणमा सहयोग पुर्याउने उदेश्यले उन्नत घास विकास, भ्याक्सिनेशन, औषधी उपचारको लागि प्राविधिक सहित सेवा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

३. गाइभैसी, बाखा, बंगुरमा कृतिम गर्भाधानको माध्यमबाट पशु नश्ल सुधारको प्रयास जारी राखिनेछ

४. कृषकहरुमा पशु स्वास्थ्य र आकस्मिक रोग नियन्त्रणको लागि सचेतना, क्षमता अभिवृद्धि गराउन घुम्ती तालिम/शिविर संचालन गरिनेछ ।

५. फलफूल तरकारी तथा खाद्यान्न बालीमा लाग्ने रोग किरा पहिचान तथा नियन्त्रणको लागि प्राविधिक परिचालन सहित विषादी/सामाग्री सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

६. कृषक स्तरमा सोच परिवर्तन, प्राविधिक क्षमता अभिवृद्धि र व्यवसायिक खेती प्रणाली विकासको लागि व्यवसायिक तालिम संचालन गरिनेछ ।

७. कृषकको समस्याहरु केन्द्रित सहभागितामूलक पहिचान, खोज र प्रयोगको आधारमा वाली उत्पादन नविनतम प्रविधिहरु अभ्यास र प्रसारको लागि कृषक पाठशाला संचालन गरिनेछ ।

८. गाउँपालिकामा रहेको पुर्व निर्मित पूर्वाधारहरु : चिस्यान केन्द्र, नर्सरी नेटहाउस प्रयोगमा ल्याई सेवा प्रवाह गर्ने नीति अपनाइनेछ ।

९. Green Limchungbung को व्यवहारिक प्रयोगको निम्ति माटो, विरुवा विज्ञबाट परामर्श सेवा सहित कृषि क्षेत्रमा जलवायू, जमिनको उर्वरता, निर्यात योग्यता, जनइच्छालाई मध्यनजर गर्दै फलफूल, अकबरे खुर्सानी तथा तरकारी खेती विस्तारको लागि "एक गाउँ एक उत्पादन" को नीति अवलम्वन गरिनेछ ।

१०. रैथाने तथा स्थानीय बालीहरुको प्रवर्द्धनको लागि परिकार विविधिकरण क्षमता अभिवृद्धि गर्दै विद्यालय दिवा खाजामा रैथाने परिकारको प्रयोगलाई बढावा दिदै रैथाने बालीमा आधारित लघु उद्योग र सामुदायिक स्तरमा स्थानीय बीउविजन संरक्षण तथा प्रदर्शनीको निम्ति सामुदायिक बीउ बैंकको स्थापना सहयोग गरिनेछ ।

पर्यटकको हर्वो गन्तव्य लिम्चुङबुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वाराहा, उदयपुर, नेपाल

## पर्यटन प्रवर्द्धन तथा संस्कृति सम्बन्धी नीति

१. लिम्चुङबुङलाई पर्यटनको नयाँ गन्तव्यको रुपमा स्थापित गरी पर्यटनको विकास मार्फत उत्पादनले बजार खोज्ने परम्पराको अन्त्य गरी लिम्चुङबुङमा पर्यटक भित्र्याएर बजारले उत्पादन खोज्ने नीति अवलम्बन गरिनेछ ।

२. गाउँ गाउँमा होमस्टे घर घरमा रोजगारी अनुरुप होमस्टे सञ्चालकहरुलाई गाउँपालिकाले प्रोत्साहन अनुदान उपलब्ध गराउने नीति लिईनेछ ।

३. पर्यटनको विकासको महत्वपूर्ण अंगको रुपमा रहेको संस्कृतिलाई पालिका भित्र रहेको सवै जात जातिहरुको संस्कृतिलाई संरक्षण, प्रवर्धन गरि आय आर्जनसंग जोड्ने नीति लिईनेछ ।

४. दिगो पर्यटन विकासको लागि Green Limchungbung, Clean Limchungbung बनाउने योजनालाई सफल बनाउन टोल विकास सहकार्य संस्थाहरु तथा पालिका भित्रका सवै सामुदायिक विद्यालयहरुसंग हातेमालो गरी सामूहिक अभियान सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

५. लिम्चुङबुङ घुम्न आउँदा विरामी भएका पर्यटकहरुको लागि उपचार र उद्धार कोष सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

६. लिम्चुङबुङ गाउँपालिका आएर होटेल व्यवसाय सञ्चालन गर्न चाहाने व्यवसायीहरुको लागि निःशुल्क जग्गा उपलब्ध गराउन पालिका भित्रका इच्छुक जग्गादाताहरुको खोजि गर्ने नीति अवलम्बन गरिनेछ ।

## उद्योग, वाणिज्य तथा बजार व्यवस्थापन नीति

१. लिम्चुङबुङ गाउँपालिका भित्र रहेको सम्पुर्ण होटेलहरुलाई सफा र स्वच्छ भान्सा घर तालिम कार्यक्रम सञ्चालन गरि सबै होटेलहरुलाई पर्यटनमैत्री होटेलको रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।
२. पालिकामा उत्पादन हुने कच्चा पदार्थ प्रयोग गरी साना उद्योग मार्फत उत्पादित वस्तुलाई पर्यटन उद्योगसंग जोड्ने नीति अवलम्बन गरिनेछ ।
३. साना तथा लघु उद्योगहरुको स्थापना तथा विकासलाई प्रोत्साहन गर्न उद्यमीहरुसंग निरन्तर संवाद, अन्तरकृयालाई जारी राखी तालिमको व्यवस्था समेत गर्ने नीति अवलम्बन गरिनेछ ।
४. गाउँपालिका क्षेत्र भित्र हाटबजार सञ्चालन गरी स्थानीय उत्पादन र व्यापार व्यवसायको प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।
५. बजार व्यवस्थापनको लागि पसल, होमस्टे, होटलले दैनिक मुल्यसुची उपभोक्ताले सहजै देख्न सक्ने गरी राख्ने नीति अवलम्बन गरिनेछ ।
६. प्रचलित कानून बमोजिम स्विकृति नलिइएका, दर्ता नभएका होटेल, पसलहरुलाई अनिवार्य रुपमा दर्ता गराईनेछ ।
७. घरभाडा, घरबहाल दिँदा अनिवार्य रुपमा सम्झौता गर्नु पर्नेछ ।
८. गाउँपालिका स्तरीय उद्योग वाणिज्य संघ र उपभोक्ता हित संरक्षण मञ्च स्थापना गरिनेछ ।
९. यस गाउँपालिकाको बजार, होटेल र पसलहरुमा फोहोर जन्य पदार्थहरुको व्यवस्थापन सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरि गरिनेछ ।

## सहकारी, गरिबी न्युनिकरण तथा उद्यमशीलता विकास सम्बन्धी नीति

१. सहकारीको माध्यमबाट स्थानीय श्रोत, श्रम, साधन, सीप र पुँजीको अधिकतम परिचालन गरी आर्थिक, सामाजिक रुपान्तरण गरि गरिवीलाई हटाउन सकिन्छ भन्ने कुरालाई संवाद छलफल, अन्तरकृया र तालिम द्वारा हरेक पालिकावासीको सोंच परिवर्तन गर्ने नीति अवलम्वन गरिनेछ ।
२. लघु उद्यम विकास कार्यक्रमको माध्यमबाट गरिबि न्युनिकरण गर्ने नीति अवलम्बन गरिनेछ ।
३. लिम्चुङबुङ गाउँपालिकाको उद्यम विकास नीति अनुसार हरेक लिम्चुङबुङबासीहरुको परम्परागत ज्ञान, सीपलाई व्यवसायीकरण र उद्यम गर्न प्रोत्साहन गरिने नीति अवलम्बन गरिनेछ ।

४. लिम्चुङबुङ गाउँपालिका भित्र रहेका घरेलु तथा साना उद्योगहरुको संरक्षण, संवर्धन, नियमन तथा स्तरोन्नती गर्दै ठुला उद्योगमा रुपान्तरण गरिने नीति लिईनेछ ।

५. लिम्चुङबुङ गाउँपालिका सहकारी ऐन बमोजिम सहकारीहरुको नियमन, प्रवर्धन र प्रशिक्षण सम्बन्धी नीति लिइनेछ ।

## शिक्षा नीति

१. संविधानले तोकिए बमोजिम माध्यमिक तह सम्मको शिक्षकहरुको व्यवस्थापन गर्न केन्द्र र प्रदेशसँग आवश्यक समन्वय गरी संघीय शिक्षा नीति एवं मापदण्डको अधिनमा रही आवश्यक्ता अनुसार नीति, नियमावली तथा निर्देशिका निर्माण गरेर शिक्षा क्षेत्रलाई व्यवस्थापन गर्दै गुणस्तरीय शिक्षा सुनिश्चित गरिने नीति लिइनेछ ।

२. लिम्चुङबुङ शिक्षा विकास योजना बमोजिम विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धीको लागि कार्यक्रमहरु वार्षिक तालिका अनुसार संचालन गरिने छ ।

३. लिम्चुङबुङ गाउँपालिका क्षेत्रभित्र रहेको मा.वि. र आ.वि. तहको विद्यालयहरुमा जग देखिको शैक्षिक सुधार कार्यक्रम गर्ने उद्देश्य बोकेर गाउँपालिका र CSN बीच लागत साझेदारीमा सञ्चालनमा आएको लिप परियोजनालाई अझ थप प्रभावकारी बनाउन विद्यालय, अभिभावक र गाउँपालिका बीच सुमधुर सम्बन्ध विस्तारको लागि शिक्षा शाखालाई कृयाशिल र अधिकार सम्पन्न बनाईनेछ । बाँकि रहेका अन्य विद्यालयहरुमा लिप परियोजना आगामी वर्ष लागु गरिनेछ ।

४. लिम्चुङबुङ गाउँपालिकाका सम्पुर्ण विद्यालयहरुको शैक्षिक गुणस्तर विकासका लागि प्रत्येक विद्यालय, अभिभावक, वि.व्य.स., टोल विकास सहकार्य संस्था र राजनैतिक दलहरुसंग संवाद, छलफल, अन्तरकृया मार्फत विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान गर्ने नीति लिईनेछ । जसको लागि गाउँपालिकाले विद्यालय अध्यायन कार्यदल गठन गरिनेछ र उक्त कार्यदलले अध्यायन प्रतिवेदन तयार गरि गाउँ शिक्षा समितिमा पेश गर्नेछ । गाउँ शिक्षा समितिले प्रतिवेदनको अध्यायन गरि आवश्यक निर्णय लिनेछ ।

५. विद्यार्थीहरुले विद्यालय बीचमै छोडने (DROP OUT) प्रवृत्तिलाई न्युंनिकरण गर्न सचेतनामुलक तथा प्रवर्धनात्मक कार्यक्रमको साथ समुदायसंग निरन्तर अन्तरकृया गरिनेछ ।

६. विद्यालयहरुमा शैक्षिक सुधारको निम्ति अधिकतम प्रविधिको प्रयोग गरि प्रविधिमैत्री र विद्यार्थीमैत्री पठन पाठनको व्यवस्था गर्ने नीति लिईनेछ ।

७. विद्यालयहरुको गुणस्तर परिक्षणको लागि वस्तुगत सुचकांकहरुको आधारमा अनुगमन तथा सुपरिवेक्षण संयन्त्र निर्माण गरिनेछ ।

८. पालिकाको शिक्षा सुधार कार्ययोजना निर्माण गरी लागु गर्ने नीति लिईनेछ ।

## खेलकुद तथा अतिरिक्त कृयाकलाप

१. विद्यालय स्तरमा हुने खेलकुद तथा अतिरिक्त कृयाकलापको वार्षिक कार्यतालिका निर्माण गरी खेलकुद तथा अतिरिक्त कृयाकलापको सञ्चालन गरिने नीति अवलम्बन गरिनेछ ।
२. वडास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरी खेलकुद क्षेत्रको विकास गर्ने नीति लिईनेछ ।
३. पालिकाको सम्पुर्ण सामुदायिक विद्यालयहरुमा अध्ययन गरिरहेको विद्यार्थीहरुको प्रतिभालाई उजागर गर्नको लागि वडाको बजेटबाट प्रत्येक वडामा Art competition, Singing competition, Dance competition, Comedy competition, Poet Competition and Drama Competition जस्ता अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने नीति लिईनेछ ।

## स्वास्थ्य सम्बन्धी नीति

१. श्री एल.वि.कार्की स्मृति लिम्चुङबुङ अस्पताल मार्फत स्वास्थ्य विमा सेवा सहित २४ घण्टे सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गरिने नीति लिईनेछ ।
२. लिम्चुङबुङ गाउँपालिका क्षेत्र भित्र सञ्चालित स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।
३. गाउँपालिका क्षेत्र भित्र सञ्चालीत बर्थिङ सेन्टर हरुलाई भौतिक तथा प्राविधिक व्यवस्थापन गरिने नीति लिइनेछ ।
४. प्रचलीत कानुन बमोजिम निशुल्क गरिएका औषधीहरुलाई सबै स्वास्थ्य संस्थाहरुमा १२ महिना उपलब्ध गराइने नीति लिइनेछ ।
५. स्वास्थ्य केन्द्रमा सुत्केरी गराई, शिशु स्याहार गराउने आमाहरुलाई प्रोत्साहन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
६. विद्यालयभित्र तथा बाहिर किशोर किशोरीहरुलाई यौन तथा प्रजनन, स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।
७. अवैधानिक रुपमा बिक्री बितरण गरिने औषधी पसलहरुलाई नियमन गरिनेछ ।
८. जीवनशैली परिवर्तन गरी स्वस्थ रहनको लागि स्वास्थ्यकर्मी र समुदाय वीच निरन्तर संवाद, छलफल र अन्तरकृया गराई नागरिकलाई योग-ध्यान तथा कसरत गराई मानसिक, शारीरिक तथा आत्मिक हिसावले स्वस्थ पालिकावासी बनाउने नीती लिईनेछ ।
९. स्थानीय जडिबुटीको संरक्षण, संवर्धन र प्रवर्धन गरिने नीति अवलम्बन गरिनेछ ।

## लैङ्गिक समानता तथा समावेशिकरण सम्बन्धी नीति

"लिम्चुङबुङ वासीको ऐक्यावद्वताः आफ्नो अनुहार सहितको समावेशिता"

१. लिम्चुङबुङ गाउँपालिकाका महिला, बालबालिका, आदिवासी जनजाती, विपन्न वर्ग, ज्येष्ठ नागरीक, अपाङगता भएका व्यक्तिहरुको क्षमता विकास तथा आर्थिक, सामाजिक सशक्तिकरणको क्षेत्रमा काम गरी सकरात्मक विभेदको सिद्वान्त मार्फत अवसरहरुमा समानुपातिक समावेशी सहभागितामूलक आधारमा अवसर प्रदान गर्ने नीति लिईनेछ ।

२. वडाहरु द्वारा सञ्चालन गरिने लक्षित वर्गका कार्यक्रमहरु गर्दा क्षमता विकास, सीप विकास, नेतृत्व विकास, सचेतना तथा संस्कृती संरक्षण र प्रवर्धन जस्ता कार्यक्रम समानुपातिक ढंगले सञ्चालन गरिने नीति लिइनेछ ।

३. गाउँपालिकाको निर्णय प्रक्रियामा लक्षित वर्गको सहभागिताको नीति सुनिश्चित गरिने छ ।

पदेनको वर्तो गल्लव
लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वाराहा, उदयपुर, नेपाल

## महिला

१. नेपालको संविधानले महिलाहरुको निमित्त प्रत्याभुत गरेका अधिकारहरुको कार्यान्वयन गरिने नीति अवलम्बन गरिनेछ ।

२. गाउँपालिका क्षेत्रमा सञ्चालन हुने हरेक अवसर तथा गतिविधिमा पुरुष सरह महिला सहभागिता गराइने नीति लिईनेछ ।

३. महिला हिंसा तथा घरेलु हिंसामा परेका महिलाहरुको सहयोगको निमित्त मनोपरामर्श तथा सीप विकास सहितको पुनर्स्थापना कार्यक्रम हरु साथै लैङ्गिक हिंसा निवारण कार्यक्रम सञ्चालन गरिनेछ ।

४. महिलाको नाममा दर्ता भएका उद्योग तथा व्यवसायमा २५% छुट दिने नीति अवलम्बन गरिनेछ ।

५. महिलाहरुलाई उद्यमी बन्नको लागि प्रेरित गर्न समुदायमा गएर संवाद छलफल र अन्तरकृया निरन्तर गर्ने नीति लिईनेछ ।

६. महिला संञ्जालहरुको संस्थागत विकास गरिनेछ ।

७. पालिकाको दिगो विकासको लागि महिलाहरुलाई शसक्तिकरण र उत्प्रेरित गरि हरेक क्षेत्रको निर्णय प्रकृयामा सहभागी गराउँदै महिलाको असल नेतृत्व स्थापित गर्ने नीति लिईनेछ ।

## बालबालिका

१. वालमैत्री स्थानीय शासनको प्रत्याभुती गर्न वडास्तरीय वाल क्लव, गाउँपालिका स्तरीय वाल सञ्जालहरुसंग समुदायमा गएर सचेतनामुलक छलफल अन्तरकृया गर्ने नीति लिईनेछ ।

२. सवै प्रकारका बालश्रमलाई अन्त्य गरिनेछ ।

३. लिम्चुङबुङ गाउँपालिकालाई वि.सं २०८४ साल जेठ महिना भित्र वालमैत्री स्थानीय शासन अवलम्बन र घोषणा गर्ने नीति लिईनेछ ।

## ज्येष्ठ नागरीक

१. गाउँपालिका क्षेत्र भित्र रहेका ८० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरुको लगत संकलन गरी अद्यावधिक गरि ज्येष्ठ नागरीकसँग भएको ज्ञान तथा अनुभव पुस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम आयोजना गरिनेछ ।

## दलित

१) जातीय भेदभाव तथा छुवाछुत कसुर सजाय ऐन २०६८ को प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

२) जेहेन्दार दलित विद्यार्थीहरुको लागि उच्च शिक्षामा छात्रवृत्तीको व्यवस्था गरिनेछ ।

## आदिवासी जनजाति

१) आदिवासी जनजातिहरुको संविधान प्रदत्त अधिकारलाई सुनिश्चित गर्दै आर्थिक, सामाजिक एवं साँस्कृतिक विकासका साथै भाषा, संस्कृति, परम्परा र पुख्यौंली सीपको संरक्षण तथा प्रवर्धन गरिने नीति अवलम्बन गरिनेछ ।

२) आदिवासी जनजातिहरुको सामाजिक तथा आर्थिक मुलप्रवाहिकरणका लागि तालिम, कोचिङ, सीप विकास, नेतृत्व विकास जस्ता कार्यक्रम हरुमा सबैको सहभागिता सुनिश्चित गरिने नीति अवलम्बन गरिनेछ ।

३) आदिवासी जनजातिको नृत्य तथा साँस्कृतिक बाजाको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ ।

४) आदिवासी जनजातिको मुलप्रवाहिकरण गरी राष्ट्र निर्माणलाई सुदृढ बनाउने नीति अवलम्बन गरिनेछ ।

## अपाङ्ग

१. अपाङ्गता भएका व्यक्तीहरुको लगत राखी गाउँपालिका स्तरीय अपाङ्ग हित संरक्षण सञ्जाल गठन गरिने नीति अवलम्बन गरिने छ ।

२. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अपाङगता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७५ तथा प्रचलित कानून बमोजिम अपाङ्ग हित संरक्षणको लागि नीतिगत व्यवस्था गरिनेछ ।

३. विद्यालय तथा स्वास्थ्य केन्द्रहरुमा अपाङ्ग मैत्री संरचनाहरुको निर्माण गरिने नीति अवलम्बन गरिनेछ ।

## युवा

१. युवाहरुलाई रुपान्तरणको संवाहक र नेतृत्वको साझेदारको रुपमा विकास गर्दै सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रका समग्र जिम्मेवारी सम्हाल्न नेतृत्वको विकास गराउने नीति लिइनेछ ।

२. युवाहरुलाई हिंसा, दुर्व्यसन र अराजक प्रवृत्तीलाई नियन्त्रण गर्ने नीति लिइनेछ ।

३. युवाहरुलाई प्राविधिक शिक्षा तथा सीपमुलक तालिममार्फत दक्ष, उद्यमशील र आत्मनिर्भर बनाउने नीति लिईनेछ ।

४. युवाहरुलाई विपद व्यवस्थापन, सामजिक विकास, वातावरण संरक्षण, खेलकुद लगायतका क्षेत्रमा स्वयंसेवकको रुपमा परिचालन गरिनेछ ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम/श्रम तथा श्रमिक

१. संघ तथा प्रदेशले ल्याएको रोजगारमुलक कार्यक्रम अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।

२. गरीवी न्यूनिकरण तथा रोजगारीका अवसरमा वृद्धि गर्न पहल कदमी चालिनेछ ।

३. स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभुती गर्नको लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायीक आयोजना संचालन गरी श्रममुलक योजना मार्फत समुदायको विकाससंगै सामाजिक संरक्षणको प्रत्याभुती गराईनेछ ।

४. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी क्षेत्रसंग सहकारी र समन्वयमा जोड दिइनेछ ।

५. युवा तथा शैक्षिक वेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ ।

६. श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पुर्वाधार निर्माण, कृषि, व्यवसायिक, क्षेत्रबाट रोजगारीको सिर्जना गरिनेछ ।

७. रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाईनेछ ।

८. पालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगारहरुलाई प्राथमिकतामा राखिने छ ।

९. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लगि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनालाई थम सशक्त रुपमा कार्यान्वयन गरिने छ ।

१०. वैदेशिक रोजगारीवाट फर्केका रोजगारी गुमाएका युवाहरुको सिप र क्षमताको भरपुर उपयोग गरी रोजगारी र विकास दुवैलाई महत्वका साथ कार्यान्वयन गरिनेछ ।

११. कुनै पनि काम ठुला या सानो हुँदैन भन्ने भावनाको जागृत गराई कामको सम्मान गर्ने परिपाटीको निर्माण गर्दै स्वरोजगार उन्मुख जीवनशैली, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको थप व्यवस्थापन लिम्चुङबुङ गाउँपालिकाको नीति हुनेछ ।

१२. सामाजिक विविधिकरणमा परेका र लक्षित वर्गलाई ध्यानमा राखी कार्यक्रमको निर्माण गरिनेछ ।

१३. रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन थप पहल गरिनेछ ।

## लोपोन्मुख, सीमान्तकृत जाति/ जनजाति

१) लोपोन्मुख, सीमान्तकृत जाति/जनजातिको आर्थिक, सामाजिक तथा साँस्कृतिक सुधारवाट समतामुलक तथा न्यायपुर्ण समाजको श्रृजना गरिने नीति लिइनेछ ।

२) लोपोन्मुख, सीमान्तकृत जाति/जनजातिको क्षमता विकास र स्रोत साधनहरुमा पहुँच वृद्धि गरि जीवनस्तर माथी उकास्ने नीति अवलम्बन गरिनेछ ।

३) लोपोन्मुख, सीमान्तकृत जाति/जनजातिका युवाहरुको क्षमता विकासका लागि व्यवसायिक तथा सीपमुलक तालिम प्रदान गरिनेछ ।

## गैर सरकारी संस्था

१) गैर सरकारी संस्था नियमन सम्बन्धी ऐन , नियमावली निर्माण गरी लिम्चुङबुङ गाउँपालिका क्षेत्रभित्र कार्यरत गै. स. स हरुलाई व्यवस्थापन गरिने नीति अवलम्बन गरिने छ ।

२) गै. स. स लाई विकासका साझेदारको रुपमा व्यवहार गर्ने नीति अवलम्बन गरिनेछ ।

३) गै. स. स का कार्यक्रमहरु गाउँपालिकाको वार्षिक नीतिमा समावेश गर्ने र कार्यक्रमहरुको दोहरोपना लाई निर्मुल गर्ने नीति अवलम्बन गरिनेछ ।

४) गाउँपालिकाले अवलम्बन गरेको नीति तथा कार्यक्रममा सहयोग हुने खालका कार्यक्रम मात्र सञ्चालन गर्न स्वीकृती दिइने छ ।

५) गै.स.सलाई पालिका भित्र अनुकुल काम गर्ने वातावरणको निर्माण गरि लागु गर्ने नीति लिईनेछ ।

## वन ,वातावरण तथा विपद व्यवस्थापन संरक्षण

१. Green Limchungbung Clean Limchungbung को अवधारणालाई सफल बनाउन व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु विवाह, बसाईसराई) गर्न अनिवार्य वृक्षारोपण गराउने नीति लिईनेछ ।

२. गाउँपालिकाको राष्ट्रिय वन, सामुदायिक वन, कबुलियती वनक्षेत्रमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरी वनक्षेत्रलाई बढाइने नीति अवलम्बन गरिनेछ ।

३. वातावरण संरक्षण प्रति जनचेतना अभीवृद्धि गर्न प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. लिम्चुङबुङ गाउँपालिकाको जलवायु परिवर्तन सम्बन्धी नीति निर्माण गरिनेछ ।

५. लिम्चुङबुङ गाउँपालिकाको बजार तथा गाउँलाई स्वच्छ, सफा, हराभरा बनाउदै ३ वर्ष भित्र पुर्ण प्लाष्टिक मुक्त गाउँपालिकाको रुपमा विकास गरिनेछ ।

६. सामुदायिक वन, निजी वन तथा अन्य वनहरुको नियमन गरिनेछ ।

७. गाउँपालिकावासीले वडा समितिको उपस्थितिमा सर्जमिन सिफारिसको आधार बिना रुख कटान गर्न नपाईने नीति लिइनेछ ।

८. गाउँपालिकाको क्षेत्रभित्र सम्भाव्य स्थानहरुको खोज अनुसन्धान गरी चिउरी खेति प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
९. यस गाउँपालिका क्षेत्रभित्र पाईने राष्ट्रिय फूल र पर्यटनको विकाससं जोडिएको अत्यन्तै महत्वपूर्न बनस्पती लालीगुराँस र चिउरी काट्न पुर्ण रुपमा बन्देज गरिने नीति लिईनेछ ।

## विपद व्यवस्थापन

१. गाउँपालिका विपद व्यवस्थापन कोष सञ्चालनलाई प्रभावकारी बनाउन सम्बन्धित सरोकारवालाहरुको साझेदारीमा कार्यक्रमहरु निर्माण गरिने छ ।
२. विपद परेको अवस्थामा उद्धारको लागि आवश्यक पर्ने यन्त्र, साधन तथा औजारहरुको उचित व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।
३. लिम्चुङबुङ गाउँपलिकाभित्र पर्ने सुख्खा क्षेत्रमा आगलागी जस्ता विपदमा कमी ल्याउन आवश्यक पानीको व्यवस्थापन गर्न सार्वजनिक पोखरी निर्माण गरी आगलागी सम्बन्धी हामी मिलेर हाम्रो गाउँको विकास गर्छौं भन्ने अभियानमा सामुदायलाई सचेतना कार्यक्रम सञ्चालन गरिने नीति लिईनेछ ।
४. विपद उद्धारमा सबैभन्दा अग्रपंक्तीमा खटिने सुरक्षा निकायहरुलाई विपद उद्धारका सामाग्री सम्पन्न बनाउने नीति अवलम्बन गरिनेछ ।
५. विपदका क्षेत्रमा काम गर्ने सहयोगी संस्था रेडक्रस साथै NGOs and INGOs संग समन्वय गरी विपद व्यवस्थापन सम्बन्धी आवश्यक योजना तथा कार्यक्रमहरु संचालन गरिनेछ ।

## फोहोर मैला तथा सरसफाई सम्बन्धी नीति

१. Green Limchungbung Clean Limchungbung को अवधारणालाई सफल बनाउनलाई शहरबाट पालिका भित्र भित्रिने पेय पदार्थसंग सम्बन्धित सिसाजन्य सवै खाले बस्तुहरुलाई प्रतिवन्ध गर्ने नीति लिईनेछ ।
२. वजार क्षेत्रमा सार्वजनिक शौचालयको निर्माणको काम लाई निरन्तरता दिइनेछ ।
३. सार्वजनिक भवन, सरकारी कार्यालय, हेल्थ पोष्ट, विद्यालयहरुलाई पुर्णतः सरसफाई युक्त बनाईनेछ ।
४. पालिका भित्र पसल र घरबाट निस्किने प्लाष्टिकजन्य बस्तुहरुलाई एक ठाउँमा संकलन गरी विक्रि गर्ने नीति लिईनेछ । यसै गरी पर्यटकीय स्थलहरुमा जथाभावी फोहोर मैला फाल्न दण्डनीय हुनेछ ।
५. फोहोर मैला व्यवस्थापन ऐन २०६८ तथा फोहोरमैला व्यवस्थापन नियमावली २०७० को पुर्ण कार्यान्वयन गर्दै यस गाउँपालिकालाई पुर्णतः फोहोरमैला मुक्त बनाइनेछ ।

पर्यटनको नयाँ गन्तव्य
लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर, नेपाल

## सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति

"कर्तव्य निष्ठ कर्मचारी, जवाफदेही पदाधिकारी:
सुशासनमैत्री लिम्चुङबुङ सबैको दायित्व बराबरी"

१. आम जनतासंग सबै भन्दा नजिक रहेर सेवा प्रवाह गर्ने कार्यालय गाउँकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा सेवा प्रवाहलाई सुदृढ गर्न आवश्यक श्रोत तथा साधनको व्यवस्थापन गरिनेछ ।

२. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय, समावेशी, सर्वसुलभ एवं सहज बनाउन विद्युतीय शासन प्रणाली अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र सङ्क्षेपिकरण गरिनेछ ।

३. पालिका द्वारा निर्माण गरिएको संगठन विकास तथा व्यवस्थापन प्रतिवेदन बमोजिमको वडा तथा पालिकामा दरबन्दी व्यवस्थापन गरी दैनिक प्रशासनिक सेवा प्रवाह गरिने नीति लिईनेछ ।

४. सबै वडा कार्यालयहरुलाई गाउँकार्यपालिकाको कार्यसञ्जालसँग जोड्ने नीति अवलम्बन गरिनेछ ।

५. प्रत्येक वडा कार्यालय तथा गाउँकार्यपालिकाको कार्यालयमा नागरिक वडापत्रको व्यवस्थापन गरिनेछ ।

६. गाउँपालिकाका महत्वपुर्ण निर्णयहरु कानून बमोजिम रेडियो, फेसबुक, टेलिभिजन, युट्युव तथा वेबसाइट मार्फत सार्वजनिक गरिनेछ ।

७. गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी, सामुदायिक संस्थाहरुको नाममा रहेका सार्वजनिक सम्पत्ती, ऐलानी, पर्ती सरकारी तथा सार्वजनिक जग्गाहरुको विवरण संकलन गरी संरक्षण गरिने नीति अवलम्बन गरिनेछ ।

८. गाउँपालिका स्थापना दिवसलाई उत्सवको रुपमा मनाउने नीति अवलम्बन गरिनेछ ।

९. लिम्चुङबुङको (LIMCHUNGBUNG) अष्टाङ्ग सिद्वान्तलाई आत्मासाथ गर्ने नीति लिईनेछ ।

## वित्तीय व्यवस्थापन

१. आ. व. ०८१/०८२ मा सम्पत्ती कर सम्बन्धी सम्भाव्यता अध्ययन तथा पूर्वतयारी गरी सम्पत्ती कर प्रणाली लागू गरिने नीति अवलम्बन गरिनेछ ।

२. नेपालको संविधानमा उल्लेखित राजश्वका श्रोतहरुको दर र दायरालाई फराकिलो पार्दै अधिकतम आन्तरिक श्रोत संकलन गर्दै वित्तीय स्वावलम्बन तर्फ अग्रसर हुने नीति लिइनेछ ।

३. गाउँपालिकाको आन्तरिक आम्दानी हुने श्रोतहरुको पहिचान गरी उक्त स्रोतहरुलाई दिगो तथा भरपर्दो आम्दानीका श्रोतहरुको रुपमा विकास गरिने नीति अवलम्बन गरिनेछ ।